नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

पत्र संख्याः २०७७/०७८ आन्तरिक तथा आर्थिक प्रशासन मितिः२०७७।११।१७

चलानी नं.: ३६९

विषयः- निलम्वन फुकुवा भएको कर्मचारीको सेवा सुविधा सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय ,

सवै

प्रस्तुत विषयमा कोष तथा लेखा नियन्त्रक कार्यालय दैलेखको प.सं.२०७७/०७८ च.नं.२७५ मिति २०७७/११/०४ को पत्रवाट माग भएवमोजिम सम्मानित अदातलको फैसलावाट सफाई पाई निलम्वन फुकुवा भएको निजामती कर्मचारीहरुले निलम्वन अवधिभरको पाउने सेवा सुविधा सम्वन्धमा यस कार्यालयको मिति २०७७/११/१७ को निर्णयअनुसार देहाय वमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

१.अदालतको फैसलावाट सफाई पाई निलम्वन फुकुवा भएको कर्मचारीलाई निजामती सेवा ऐन २०४९ को दफा ३० उपदफा १ को प्रतिवन्धात्मक वाक्यांश वमोजिम निलम्वन भएको अवधिमा आधा तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै तलव (तलव वृद्धि हुने भएमा सो समेत)पाउने ।

२.चाडपर्व खर्चको हकमा निलम्वन भएको अवधिमा चाडपर्व खर्च वापत भुक्तानी भएको भए सो कट्टा गरी र नभएको भए एक महिना वरावरको रकम चाडपर्व खर्च पाउने ।

३.निलम्वन अवधिमा नेपाल सरकारको निर्णय वमोजिमको महंगी भत्ता प्रदान गर्ने ।

४.पोशाक भत्ता प्रदान गर्ने सम्वन्धमा निलम्वनमा रहेको कर्मचारी पुरै वर्षभरि (सो वर्षको वैशाक देखि चैत्र महिना सम्म वाह्रै महिना) निलम्वनमा भएको भए पोशाक भत्ता प्रदान नगर्ने।

५.निलम्वन अवधिभरको स्थानीय भत्ता नदिने ।

११।१७

(टोलेन्द्र कार्की)

लेखा अधिकृत

टेलिफोन नं : मानवश्रोत व्यवस्थापन महाशाखा ४७७०८९५, आन्तरिक लेखापरिक्षण सम्पत्ति तथा दायित्व व्यवस्थापन महाशाखा ४७७०३७५,